# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान
## व्यवस्थापन परिषद्को ३०९औं बैठकका निर्णयहरुः

**निर्णय नं. १:** ब्रेनपुलिङ कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरियो ।

**निर्णय नं. २:** विद्यावारिधि शोधवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरियो ।

**निर्णय ३:** : Assistant Research Fellow(ARF) र Research Assistance(RA) कार्यविधि, २०७८ साथै अनुसन्धान फेलो (RF) कार्यविधि, २०७८ मा संशोधन गरियो ।

**निर्णय नं. ४:** विज्ञान तथा प्रविधि संकाय प्रमुख हुन इच्छुक वरिष्ठ वैज्ञानिक /प्राविधिक कर्मचारीहरुबाट कार्ययोजना, शैक्षिक योग्यता, कार्य अनुभव, अनुसन्धान तथा प्रकाशनको विवरण Curriculum Vitae (C.V.) सहितको आवेदन माग गरी मूल्याङ्कनको आधारमा प्रमुखको नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णयको नं. ५:** सेवा आयोग सम्बन्धी खर्चको मापदण्ड संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** नास्टको आर्थिक प्रशासन नियमावली, २०६६(तेस्रो संशोधन सहित)को नियम १६ देखि नियम ३७ सम्म रहेका खरिद, मर्मत, निर्माणसम्बन्धी व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुने र अन्य काम नास्टको आर्थिक प्रशासन नियमावली, २०६६ बमोजिम गर्न गराउन आवश्यक स्वीकृतार्थ आगामी प्राज्ञ सभामा पेश गर्ने गरी निर्णय गरियो ।

**निर्णय नं. ७:** नास्टमा हाल सञ्चालनमा रहेको दुई पाङग्रे र चार पाङग्रे सवारीको विवरण, तिनीहरुको अवस्था, नास्टमा कार्यरत कर्मचारीहरुको निजी गाडी प्रयोगको अवस्था तथा कर्मचारीहरुलाई ईन्धन सुविधा दिँदा पर्न जाने थप आर्थिक भार सहितको विस्तृत विवरण सहितको प्रतिवेदन परिषद्को आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णयको नं. ८:** अधिकृतस्तर द्वितीय श्रेणीको ग्रेड सङ्ख्या ७ लाई सच्याएर ८ ग्रेड कायम गर्ने निर्णय गरियो ।

**निर्णय ९:** यस प्रज्ञा-प्रतिष्ठानका विज्ञान संकाय अन्तर्गत कार्यरत स्थायी कर्मचारी श्री विष्णु न्यौपानेलाई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कर्मचारी प्रशासन नियमावली, २०६४ को नियम ६५ को उपनियम (२) अनुसारको उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय १०:** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान(नास्ट) र काठमाण्डौं उपत्यका विकास प्राधिकरण (KVDA) बीच विभिन्न मितिमा भएको समझदारी एवं सहमति अनुसार Urban EBA परियोजना सञ्चालनका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** मिति २०७९/०६/०७ गते प्रकाशित पदपूर्ति सम्बन्धी विज्ञापनमा दरखास्त नपरी रिक्त भएका पदहरु कर्मचारी प्रशासन नियमावली, २०६४ को नियम ११ (१) अनुसार खारेज गरी उक्त दरबन्दीहरु यस प्रज्ञा-प्रतिष्ठानको स्वीकृत २३१ दरवन्दीमा नबढ्ने गरी सोही नियमावलीको नियम १० बमोजिम श्रृजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** प्रज्ञा-प्रतिष्ठानको सेवाबाट राजिनामा दिनु भएको विकास के. सी. को राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** प्रज्ञा प्रतिष्ठानको पञ्चवर्षीय आवधिक योजनाको मस्यौदा तयार पार्न निम्न बमोजिममस्यौदा तयारी समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक - | प्रा.डा. गोविन्दराज पोखरेल |
| सदस्य - | डा. सुनिल बाबु श्रेष्ठ |
| सदस्य - | प्रा.डा. रामप्रसाद चौधरी |
| सदस्य - | डा.दिनेशचन्द्र देवकोटा |
| सदस्य-सचिव - | प्रमुख वा प्रतिनिधि, योजना तथा मूल्याङ्कन महाशाखा |